# गाउँसभा २०७८ (दशौं)

आज मिति २०७८ साल असार महिनाको ११ गते यस धार्चे गाउँपालिकाको दशौं गाउँसभा गाउँपालिकाको केन्द्र, माछीखोलामा यसै गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ ज्यू को अध्यक्षतामा तपशिल उपस्थितिमा विभिन्न प्रस्तावहरुमा छलफल गर्दै निम्नानुसार निर्णय गरी सम्पन्न भयो।

**उपस्थिति :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सन्त बहादुर गुरुङ | अध्यक्ष | | |
| २ | श्री फुलमाया गुरुङ | सदस्य | | |
| ३ | श्री राम बहादुर अधिकारी | सदस्य सचिव | | |
| ४ | श्री दिलिप गुरुङ | सदस्य | | |
| ५ | श्री सुक बहादुर गुरुङ | सदस्य | | |
| ६ | श्री ईन्द्र प्रसाद गुरुङ | सदस्य | | |
| ७ | श्री राज गुरुङ | सदस्य | | |
| ८ | श्री तुल बहादुर गुरुङ | सदस्य | | |
| ९ | श्री धन कुमार घले | सदस्य | | |
| १० | श्री सरिता गुरुङ | सदस्य | | |
| ११ | श्री चिनमाया गुरुङ | सदस्य | | |
| १२ | श्री निशा गुरुङ | सदस्य | | |
| १३ | श्री अनार्त गुरुङ | सदस्य | अनार्त | |
| १४ | श्री धन बहादुर सुनार | सदस्य | | |
| १५ | श्री आस बहादुर घले | सदस्य | आश | |
| १६ | श्री बिमान घले | सदस्य | | |
| १७ | श्री मनु गुरुङ | सदस्य | | |
| १८ | श्री सानुकान्छा गुरुङ | सदस्य | | |
| १९ | श्री बिरबल गुरुङ | सदस्य | | |
| २० | श्री सन्त बहादुर गुरुङ | सदस्य | | |
| २१ | श्री राम बहादुर गुरुङ | सदस्य | | |
| २२ | श्री रिवीलाल गुरुङ | सदस्य | | |
| २३ | श्री कर्ण माईला गुरुङ | सदस्य | | |
| २४ | श्री सोम बहादुर गुरुङ | सदस्य | | |
| २५ | श्री कण्डे गुरुङ | सदस्य | | |
| २६ | श्री गणेश बहादुर गुरुङ | सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २९ | [illegible] घले | सदस्य | | |
| ३० | श्री प्रमिला घले | सदस्य | | |
| ३१ | श्री मंत्री घले | सदस्य | | |
| ३२ | श्री कमला बि क | सदस्य | | |
| ३३ | श्री कान्छी बि क | सदस्य | | |
| ३४ | श्री देवी सुनार | सदस्य | | |
| ३५ | श्री सुकमाया सुनार | सदस्य | | |
| ३६ | श्री आईतिमाया सुनार | सदस्य | | |
| ३७ | श्री कोपिला सुनार | सदस्य | | |
| ३८ | श्री आश बहादुर घले | सदस्य | | |
| ३९ | श्री कविता सुनार | सदस्य | | |
| **अन्य उपस्थिति** | | | | |
| ४० | श्री पिताम्बर पोखेल | प्रशासकीय अधिकृत | | |
| ४१ | श्री निरज कुमार क्षेत्री | इन्जिनियर | | |
| ४२ | श्री टेक बिक्रम कुँवर क्षेत्री | लेखापाल | | |
| ४३ | श्री अमृत बहादुर घले | स्वास्थ्य संयोजक | | |
| ४४ | श्री सरोज शर्मा वाग्ले | कम्प्युटर अपरेटर | | |
| ४५ | श्री संगिता लामिछाने | आ.ले.प. सहायक | | |
| ४६ | श्री संगिता पौडेल | प्रशासन सहायक | | |
| ४७ | श्री मन्जु पौडेल | प्रा.स. शिक्षा | | |
| ४८ | श्री अमृत पुडासैनी | सूचना प्रविधि अधिकृत | | |
| ४९ | श्री खगेन्द्र गुरुङ | रोजगार संयोजक | | |
| ५० | श्री केशवराज गुरुङ | स्वास्थ्य उप-संयोजक | | |
| ५१ | श्री ठाकुर ढकाल | पशु सेवा प्राविधिक | | |
| ५२ | श्री सुरेन्द्र गुरुङ | कृषि सेवा प्राविधिक | | |
| ५३ | श्री सुर्य वरामु | योजना सल्लाहकार | | |
| ५४ | श्री युवराज मरासिनी | इन्जिनियर | | |
| ५५ | श्री विकास श्रेष्ठ | खा.पा.स.टे. | | |
| ५६ | श्री जिना श्रेष्ठ | सब-इन्जिनियर | | |
| ५७ | श्री ईन्द्र तामाङ | सब-इन्जिनियर | | |
| ५८ | श्री डिल बहादुर गुरुङ | MIS Operator | | |
| ५९ | श्री सोम प्रसाद गुरुङ | फिल्ड सहायक | | |
| ६० | श्री सर्मिला गुरुङ | फिल्ड सहायक | | |
| ६१ | श्री अरुण पौडेल | वडा सचिव - ४ र ५ | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | श्री अर्जुन लामिछाने | वडा सचिव - ६ | | |
| ६३ | श्री लक्ष्मण सिह खत्री | वडा सचिव - २ | | |
| ६४ | श्री ममता के सी | वडा सचिव - ७ | | |
| ६५ | श्री शिवप्रसाद भुसाल | वडा सचिव - १ र ३ | | |
| ६६ | श्री सुनिल मोक्तान | अ.सब. इन्जिनियर | | |
| ६७ | श्री नरेश यादब | अ.सब. इन्जिनियर | | |
| ६८ | श्री विश्वास दवाडी | प्राविधिक सहायक | | |
| ६९ | श्री मदन खड्का | उद्यम वि.सहजकर्ता | | |
| ७० | श्री कुस्मी थापा मगर | उद्यम वि. सहजकर्ता | | |
| ७१ | श्री सनिता गुरुङ | पशु सेवा प्राविधिक | | |
| ७२ | श्री निसा गुरुङ | पशु सेवा प्राविधिक | | |
| ७३ | श्री रमेश गुरुङ | सवारी चालक | | |
| ७४ | श्री कान्छा घले | का.स. | | |
| ७५ | श्री मनमाया गुरुङ | का.स. | | |
| ७६ | श्री राम बहादुर घले | का.स. | | |
| ७७ | डिल प्रसाद गुरुङ | [illegible] | | |
| ७८ | धन ब. गुरुङ | अ.हे.व. लापिङ स्वा.चौकी | | |
| ७९ | सान गुरुङ | [illegible] | | |
| ८० | छविलाल गुरुङ | | | |
| ८१ | [illegible] | [illegible] नेपाल | | |
| ८२ | उमेश परिमार | अ.सब इन्जिनियर | | |
| ८३ | [illegible] | आयुर्वेद शाखा | | |
| ८४ | विपना गुरुङ | समुह सेवा केन्द्र | | |
| ८५ | | | | |
| ८६ | | | | |
| ८७ | | | | |
| ८८ | | | | |
| ८९ | | | | |
| ९० | | | | |
| ९१ | | | | |
| ९२ | | | | |
| ९३ | | | | |

## प्रस्तावहरु

नं. १. आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

नं. २. आ.व.२०७८।०७९ को बजेट वक्तव्य माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

नं. ३. आर्थिक ऐन. २०७८ सम्बन्धमा ।

नं. ४. विनियोजन ऐन, २०७८ सम्बन्धमा ।

नं. ५. आ.व. २०७८।०७९ का बार्षिक योजना माथि छलफल सम्बन्धमा

नं. ६. आ.व.२०७८।०७९ का लागि विषयगत शाखाका कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा ।

नं. ७. करारका कर्मचारीहरुको पदावधी थप गर्ने सम्बन्धमा ।

नं. ८. आ.व. २०७६।०७७ को म.ले.प. प्रतिवेदनमाथि छलफल सम्बन्धमा ।

नं. ९. चा.लु. आ.व.को खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

नं. १०. गैरसरकारी संघसंस्थाबाट प्रस्ताव गरिएका कार्यक्रमहरु अनुमोदन सम्बन्धमा ।

नं. ११. चा.लु. आ.व. का योजनाहरु अल्याह सम्बन्धमा ।

नं. १२. विविध ऐन, नियमहरु पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।

नं. १३. कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

नं. १४. गाउँपालिकाको राजश्व प्रतिवेदन सम्बन्धमा ।

नं. १५. गाउँपालिकाको न्यायिक समितिको प्रगति प्रतिवेदन सम्बन्धमा ।

नं. १६. बाधा अड्काउ फुकाउ सम्बन्धमा ।

नं. १७. विविध

## निर्णयहरु

नं.१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०७८।०७९ को लागि मिति २०७८।०३।१० को गाउँसभामा पेश भएको नीति तथा कार्यक्रममाथि आफ्नो सुझाव प्रस्तुत गर्ने सदस्यहरुको सुझावहरुको सम्बोधन गर्दै संशोधन प्रस्तावसहित पारित गर्ने निर्णय सर्वसहमतिले गरियो ।

नं.२. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७८।०७९ को लागि तयार पारिएको बजेट वक्तव्यमाथि सभामा दफाबार छलफल गरी प्राप्त सुझावहरुलाई सम्बोधन गर्दै कुल आय जम्मा रु ४४ करोड ५५ लाख र कुल व्यय जम्मा रु ४४ करोड ५५ लाख को आयव्यय अनुमान पारित गर्ने निर्णय सर्वसहमतिले गरियो

नं.३. प्रस्ताव नं ३ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको राजश्व परामर्श समितिको बैठकबाट पारित गरी मिति २०७८।०३।०८ गतेको कार्यपालिका बैठकमा बैठकमा छलफल गरी मिति २०७८।०३।१० गतेको गाउँसभामा पेश गरिएको आर्थिक ऐन, २०७८ लाई पारित गर्दै मिति २०७८।०४।०१ गतेदेखि लागू गर्ने निर्णय सर्वसहमतिले गरियो।

निर्णय नं.४. प्रस्ताव नं ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७८।०७९ को लागि चालु खर्च, पूँजीगत खर्च र विषयगत क्षेत्रको रकम सहित जम्मा आय रु रु ४४ करोड ५५ लाख जम्मा व्यय रु ४४ करोड ५५ लाख अनुमान गरिएको विनियोजन ऐन, २०७८ सर्वसहमतिले पारित गर्ने निर्णय गरियो।

निर्णय नं.५. प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७८।०७९ को लागि गाउँपालिका तथा सातवटै वडाहरुको लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङबमोजिम सबै वडाका वडासमितिहरुबाट पारित भै मिति २०७८।०३।११ गतेको दशौं गाउँसभामा पेश भइ छलफलमा आएका तपशिल वमोजिमका गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजनाहरुलाई आवश्यक परेको अवस्थामा आगामी हिउँदे गाउँसभाबाट संशोधन गर्ने गरी पारित गर्ने निर्णय सर्वसहमतिले गरियो ।

**बिस्तृत बिबरण अनुसुची १ मा रहेको**

निर्णय नं.६. प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७८।०७९ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङबमोजिम विभिन्न शाखाहरुबाट प्रस्तुत कार्यक्रमहरुमाथि छलफल गरी आवश्यक संशोधन गर्दै तपशिल बमोजिमका कार्यक्रमहरु सर्वसहमतिले पारित गरियो ।

**बिस्तृत बिबरण अनुसुची २ मा रहेको**

निर्णय नं.७. प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरु तथा शिक्षाका करार कर्मचारीहरुलाई आ.व. २०७८।०७९ मा समेत निरन्तरता दिने गरी म्याद थप गर्ने निर्णय सर्वसहमतिले गरियो।

निर्णय नं.८. प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७६।०७७ को मलेप प्रतिवेदनमा औंल्याइएको बेरुजू रकममध्ये असुलउपर गर्नुपर्ने बेरुजू असुलीको लागि सम्बन्धित पक्षलाई पत्राचार गरिसकिएको र नियमित गर्नुपर्ने बेरुजुको लागि गाउँपालिकाको सार्वजनिक लेखा समितिको मिति २०७७।१२।०७ गतेको बैठक नं.१ बाट कार्यालयले गर्नुपर्ने खरिद उपभोक्ता समितिले गरी भूक्तानी दिनु अनियमित देखिएको रकम रु. ४३ लाख ३६ हजार ३ सय ९८, गा.पा. औषधी खरिदमा प्रतिइकाइ दरका आधारमा आर्थिक मूल्याङ्कन गरी खरिद गरिएको रकम रु. २६ लाख ४० हजार अनियमित देखिएकोले नियमित गर्न गाउँसभामा पेश गर्ने निर्णय भएको, त्यसैगरी मिति २०७७।१२।१४ गतेको बैठक नं. २ बाट संघ वित्तीय समानीकरण अनुदानको रकम शिक्षक तलबभत्तामा मात्र खर्च गरिएको रकम रु. १ करोड, ५ लाख १० हजार अनियमित देखिएको, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईनेमा माछीखोला सामुदायिक भवन निर्माण तथा मर्मतमा अनियमित देखिएको रु. ४ लाख ५० हजार देखिएकोले नियमित गर्न गाउँसभामा

पेश गर्ने निर्णय भएको, साथै मिति २०७७।१२।२१ गतेको बैठक नं. ३ बाट उपभोक्ता समितिमार्फत सामान खरिद गरिएको रु. ३० लाख ८० हजार ३ सय ८१ अनियमित देखिएको र जग्गा प्राप्ति ऐन,२०३४ बमोजिम जग्गा खरिद गरिएको रु. २२ लाख ८६ हजार ९ सय ७६ अनियमित देखिएकोले नियमित गर्ने गाउँसभामा पेश गर्ने निर्णय भएको, त्यसैगरी मिति २०७७।१२।२८ गतेको बैठक नं. ४ बाट शिर्षक फरक पारी खर्च गरिएको रु. ३ लाख अनियमित देखिएको, जग्गा प्राप्ति ऐन,२०३४ बमोजिम जग्गा खरिद गरिएको रु. ७ लाख ७४ हजार र ढुङ्गा, गिट्टी, बालुवा को दररेट निर्धारण प्रदेश कानुन बमोजिम कम भएको रु. ३ लाख ३३ हजार ३ सय ५० अनियमिति देखिएकोले नियमित गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय भएबमोजिम माथि उल्लेखित कार्यमा पुर्याउनुपर्ने रीत नपुर्‍याइएको भएतापनि उक्त कार्यबाट कार्यालयलाई अतिरीक्त व्ययभार सिर्जना नभएकाले साथै आगामी दिनमा सोही प्रकृतिको गल्ती नदोर्याउने गरी सो अनियमित प्रकृतिको बेरूजु एकमुष्ट रकम रु. २ करोड ४७ लाख ११ हजार १ सय ५ मात्र मिति २०७८।०३।०९ को गाउँ कार्यपालिकाको बैठकबाट पेश भएबमोजिम नियमित गर्ने निर्णय सर्वसहमतिले गरियो ।

**निर्णय नं.९.** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा यस धार्चे गाउँपालिकाको लागि चा.लु. आ.व. २०७७।०७८ मा विनियोजन गरिएको कूल अनुमानित आय रु ४२,५५,१६,५२० मध्ये हाल सम्म भएको चालु र पूँजीगत खर्च जम्मा रू १६,२५,३२,५८८.७८ अनुमोदन गर्ने निर्णय सर्वसहमतिले गरियो ।

**निर्णय नं.१०.** प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गाउँपालिकाभित्र कार्यरत विभिन्न गैरसरकारी संस्थाहरुले आ.व. २०७८।०७९ का लागि पेश गरेका योजना तथा कार्यक्रम स्वीकृत गर्दै कार्यान्वयन प्रक्रिया अगाडि बढाउन अनुमति प्रदान गर्ने निर्णय सर्वसहमतिले गरियो ।

**निर्णय नं.११.** प्रस्ताव नं. ११ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०७७।०७८ को लागि गाउँसभाबाट पारित भएका तथा विविध कारणवश कार्यान्वयन हुन नसकेका तपशिल बमोजिमका योजनाहरुलाई आ.व. २०७८।०७९ को लागि अल्याह गरी कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिले गरियो ।

तपशिल

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण | २,२०,००,००० | |
| २ | काशीगाउँ सभाहल | ३५,००,००० | |
| ३ | गुम्दा कोल्ड स्टोर | ७७,६०,००० | |
| ४ | खोर्लाविशी अस्पताल निर्माण | ६०,००,००० | |
| ५ | जीप फ्लायर निर्माण | १७,००,००० | |

| | | | |
|---|---|---|---|
| ६ | अन्य | १०,४०,००० | |

**निर्णय नं.१२.** प्रस्ताव नं. १२ माथि छलफल गर्दा तपशिल बमोजिमका ऐन, नियमहरुमाथि दफाबार छलफल गरी संशोधन सहित पारित तथा अनुमोदन गर्ने निर्णय सर्वसहमतिले गरियो।

तपशिल

- सार्वजनिक नीजि साझेदारी सम्बन्धी ऐन,२०७८
- सार्वजनिक नीजि साझेदारी सम्बन्धी नियमाली,२०७८
- पूर्वाधार विकास व्यवस्थापन सम्बन्धी ऐन,२०७८
- संस्था दर्ता ऐन,२०७८
- अध्यक्ष उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७८

**निर्णय नं.१३.** प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. २०७७।०७८ मा यस धार्चे गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकद्वारा गरिएका निर्णयहरु अनुमोदन गरियो।

**निर्णय नं.१४.** प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०७७।०७८ को राजश्व प्रतिवेदन सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.१५.** प्रस्ताव नं. १५ माथि आवश्यक छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०७७।०७८ को न्यायिक समितिको प्रगति प्रतिवेदन सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.१६.** प्रस्ताव नं. १६ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको मिति २०७८।०३।११ गतेको दशौं गाउँसभाबाट पारित योजना तथा कार्यक्रमहरु कार्यान्वयनको शिलशिलामा आइपर्ने समस्याहरु समाधान गर्दै कार्यान्वयन प्रक्रियालाई सहज बनाउन आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउको अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय सर्वसहमतिले गरियो।

**निर्णय नं.१७.** प्रस्ताव न. १७ माथि आवस्यक छलफल गरि तपशिल बमोजिमका योजनाहरुका विशेष प्राथमिकताका साथ धार्चे गा.पा को योजना बैंकमा समावेश गर्दै सम्बन्धित निकायहरुमा योजना कार्यान्वयनका लागि बजेट माग गर्ने निर्णय सर्वसहमतिले गरियो ।

तपशिलः

१. केरौजा मा.वि. मा ११/१२ संचालन तथा भवन निर्माण ।

२. माछीखोला देखि सिङ्ला भिसी थमन मार्ग निर्माण ।

**४. धार्चेको जडिबुटी इन्भेन्ट्री कार्यक्रम।**

**५. रुबिनाला क्षेत्रमा कस्तुरी मृगको सरक्षण गरि बिना उत्पादन कार्यक्रम ।**

६. धार्चेमा कार्यरत कर्मचारीलाई दुर्गम भत्ता उपलब्ध गराउन पहल गर्ने।

७. धार्चे गा.पा स्तरीय खेलकुद मैदान निर्माण (गुम्दा) ।

८. गुम्दा गाउँ ढल निकास निर्माण ।

९. लमाबेशी केरौजा जोड्ने बुढीगण्डकी नदिमा मोटरेबल पुल ।

१०. माझ गाउँ खोला पुल निर्माण (गुम्दा)।

११. काशीगाउँ-केरौजा-गणेश हिमाल, गणेश कुन्ड सम्म पर्यटकीय यात्रा गोरेटो बाटो निर्माण (६०km) ।

१२. लामाबेशी केरौजा मोटरबाटो ।

१३. दिङ्लादेवी मन्दिर निर्माण सरक्षण ।

१४. उहिया दुङ्ला मोटरबाटो ।

१५. निस्राङ्ग च्छो पर्यटन पदमार्ग ।

१६. खोर्लाबेशी खोर्लागाउँ मोटरबाटो।

१७. निमरूङ खोला हनी हन्टिङ पार्क ।

१८. दुङ्ला जगत पर्यटन पदमार्ग निर्माण।

१९. दोभान बुढीगण्डकी मोटरेबल पुल ।

२०. गणेश हिमाल पदमार्ग निर्माण ।

२१. हुलचुक स्वास्थ्य चौकी भवन निर्माण।

२२. तोङतोङ खोला झोलुंगे पुल निर्माण ।

२३. लापु कोइवो भवन तमु समाज घर निर्माण।

२४. लापु सिरानगाउँ ढुंगा छपनि तथा ढल निकास।

२५. माझगाउँ पहिरो नियन्त्रण ।

२६. स्याम्मांग देखि भिरकुना मोटरबाटो ।

२७. ठाँटी देखि देउराली मोटरबाटो ।

२८. भिरकुना पहिरो नियन्त्रण ।

२९. खानी गाउँ कलकाङ खानेपानी योजना।

३०. धार्चे स्वागत गेट निर्माण।

३१. नंयाबस्ति सांस्कृतिक संरचना तथा भौतिक पूर्वाधार निर्माण ।

३२. हाइअल्टिच्युट खेलकुद मैदान लाप्राक।

३३. माछाखोला रैसेफाँट लाप्राक ~~सडक~~ बौद्ध विहार सडक

३४. हिउचुली संग्रहालय पुरानो गाउँ ६० घर धुरी निर्माण लाप्राक।

३५. प्राबिधिक विद्यालय तथा तालिम संचालन केन्द्र लाप्राक।

३५. धार्चे डाँडामा स्तुपा निर्माण।

३६. लाप्राक मिम्री गुम्बा निर्माण ।

३७. धार्चेका ताल तलैया संरक्षण र सम्वर्द्धन

३८. श्री मणिकाम देवी वन विज्ञान प्राविधिक शिक्षालय भवन

३९. तम्वे आलुजोत्र सडक निर्माण